जि.प्रशा.का.दर्ता नं. १०१/०८०/८१

“निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज”

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

वर्ष : ३ | अंक : २३९ | २०८२ साल चैत्र ११ गते, बुधबार | Wednesday, Mar.– 25 2026 | मूल्य रु. ५/- पृष्ठ : ४

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

## बंकुल-मटिअर्वा-कवही नाकामा संगठित तस्करी सञ्जाल: फर्मालिनयुक्त माछादेखि करोडौंको अवैध कारोबार

*संवाहक सम्वादाता-१०चैत्र, कलैया*

बंकुल नाका, मटिअर्वा भंसार नाका र कवही नाका केन्द्रित सीमाक्षेत्रमा पछिल्लो समय संगठित तस्करी सञ्जाल अत्यन्त सक्रिय बन्दै गएको छ। स्थानीय स्रोतका अनुसार यी नाकाबाट दैनिक रूपमा फर्मालिनयुक्त माछादेखि फुल , लत्ताकपडा, खाद्यान्न, काजु, किसमिस, चकलेट लगायतका सामग्री अवैध रूपमा नेपाल भित्र्याईंदै विभिन्न जिल्लामा पुऱ्याईंदै आएको छ, जसले राज्यको राजस्व प्रणाली र जनस्वास्थ्य दुवैमा गम्भीर असर पारिरहेको छ। फुल भारतको विभिन्न क्षेत्रबाट मोटरसाईकल र टिपर मार्फत बंकुल राजधानी काठमान्डौ पुर्याउने गरेकि तथ्य बाहिरिएको छ। त्यस भेगमा फुलको व्यवसायिक खेति छैन भएपनि नगन्नय मात्रै छ जसबाट माग धन्न कठिन छ। भरतिय फुल प्रबरीको लाईनमै ओसारपसार व्यापक भईरहेको श्रोतको दाबी छ।





बंकुल नाका हुँदै विशेषगरी “मद्रासी” भनिने समुद्री माछा भित्रिने गरेको छ, जसमा फर्मालिन जस्तो घातक रसायन प्रयोग गरिएको आशंका गरिएको छ। उक्त माछा र सुटिङ सर्टिङ लताकपडा बहुमुल्य उपभिग्य बस्तु मौलापुरमा भण्डारण गरि कटहरिया, गरुडा, चन्द्रपुर हुँदै पहाडी भेगसम्म पुऱ्याइने गरिएको बताइन्छ। चिकित्सकहरूका अनुसार शव संरक्षणमा प्रयोग हुने यस्तो रसायनयुक्त माछाको सेवनले दीर्घकालीन स्वास्थ्य समस्या निम्त्याउन सक्छ, तर पनि बजारमा यस्ता माछा खुलेआम बिक्री भइरहेका छन्।

त्यसैगरी मटिअर्वा भंसार नाका र कवही नाका हुँदै प्रहरीको सेटिङमै लत्ताकपडा र उपभोग्य सामग्रीको तस्करी व्यापक रूपमा भइरहेको छ। तस्करहरूले धर्मनगर-खौराही, बसतपुर-बरेवा पावरहाउस, तथा चिमनीको बाटो हुँदै विभिन्न वैकल्पिक रुट प्रयोग गरी सामान सुरक्षित रूपमा गन्तव्यसम्म पुऱ्याउने स्थायी नेटवर्क बनाएका छन्। मोटरसाइकलको लामो लर्कोमा दिउँसै ओसारपसार हुने र प्रहरीको नजिक रहदै दासको कालो स्कार्पियो जस्ता गाडी प्रयोग गरी एकैपटक दसौं लाख रुपैयाँ बराबरको सामान भित्र्याइने गरेको स्थानीयको भनाइ छ। मध्यराति देखि बिहानसम्मको

बाँकी तेस्रो पृष्ठमा

## पुर्वाधार विकास कार्यालय बाराका प्रमुख साहले अधुरै घरको रोक्का रहेको रकम बैंकबाट निकाले पछि निधि आवासका पिप्राविर्तामा २१ परिवार अलपत्र

*संवाहक सम्वादाता-१०चैत्र, कलैया*

बाराको महागढीमाई नगरपालिका-९ पिप्राबिर्तामा निधि आवास योजनाका २१ परिवार घरबार बिहिन्न बनी अलपत्र परेका छन्। जनता आवास र मदन भण्डारी आवास योजना अन्तर्गत निर्माण हुनुपर्ने सयौं घर अझै अधुरो अवस्थामा छ। स्थानीय लाभग्राहीहरूले पुर्वाधार विकास कार्यालय बाराका प्रमुख ओम साहको नियोजित बदनियत र भ्रष्टाचारका कारण घर निर्माण कार्य रोकिएको आरोप लगाएका छन्। योजना अनुसार विपन्न, दलित र असहाय परिवारका लागि प्रत्येक घर निर्माणका लागि ६ लाख ५० हजार रुपैयाँ विनियोजन गरिएको थियो। तर, अधिकांश घर अधुरो रहेका छन्। स्थानीय प्रसाद दासलले भने, “घरको छाना भत्किएको छ।




जाडोको चिसो कुहिरो, गर्मीको कडक घाम र वर्षा-हावाहुरीमा पालको बास बनाएर बस्न बाध्य छौं। अहिले हामी घरबार विहीन छौं।” सूत्रका अनुसार निर्माणमा प्रयोग गरिएको ईंट, बालुवा र अन्य सामग्री गुणस्तरहीन छन् र स्वीकृत मापदण्डसँग मेल खाँदैन। कार्यालय प्रमुख साहले नियम विपरित रकम निकाली आफ्नै फाइदा उठाएको र घर निर्माण नगरी लाभग्राही अलपत्र पारिएको आरोप लगाइएको छ। स्थानीय लाभग्राही जगजीवन रामले भने, “निधि आवासको रकम कहिले बैंकबाट साफ गरेछ थाहै भएन ,

बाँकी तेस्रो पृष्ठमा

## चैती छठ सम्पन्न : अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गर्दै श्रद्धापूर्वक पर्व समापन

१० चैत्र,बार/वीरगञ्ज – तराई-मधेश क्षेत्रमा श्रद्धा र भव्यतासाथ मनाइने चैती छठ पर्व यस वर्ष पनि विधिवत् रूपमा सम्पन्न भएको छ। आइतबार ‘नहाय-खाय’ बाट सुरु भएको चारदिने पर्व मंगलबार साँझ अस्ताउँदो सूर्यलाई अर्घ्य अर्पण गर्दै चरम बिन्दुमा पुगेको थियो भने बुधबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएसँगै पर्व समापन गरिएको छ।



सोमबार ‘खरना’ विधिअनुसार व्रतालुहरूले दिनभर निराहार उपवास बसेर साँझ कूलदेवताको पूजा गरी प्रसाद ग्रहण गरेका थिए। त्यसपछि मंगलबार साँझ व्रतालुहरू जलाशयमा प्रवेश गरी अस्ताउँदो सूर्यलाई अर्घ्य अर्पण गरेका थिए। बुधबार बिहान पुनः घाटमा भेला भई उदाउँदो सूर्यलाई अर्घ्य दिएर चार दिन लामो कठोर व्रतको समापन गरिएको हो।

छठ पर्व अन्तर्गत जनकपुरधाम, जलेश्वर, मटिहानी, गौशाला, बर्दिबास, कलैया, वीरगञ्जका घडिअर्वा र नागवा पोखरी, महागढीमाई मन्दिर परिसर तथा पिप्राबिर्ताको थलही नदीलगायतका घाटहरूमा श्रद्धालुहरूको ठूलो भीड

बाँकी तेस्रो पृष्ठमा

## मधेश प्रहरीमा “असुली साम्राज्य”? घुमुवा नेटवर्कदेखि सीमासम्म सेटिङको कथित खेल

*संवाहक सम्वादाता-१०चैत्र, कलैया*मधेश प्रदेश प्रहरीभित्र लामो समयदेखि चलिरहेको भनिएको ‘अदृश्य असुली नेटवर्क’ अहिले सतहमा आउन थालेको छ। स्थानीय स्रोत र सुरक्षा विश्लेषकका अनुसार घुमुवा प्रहरीको आवरणमा सञ्चालन भइरहेका असुली प्रणाली, तस्करीसँगको मिलेमतो र शक्तिको दुरुपयोगले संगठनभित्रै गम्भीर प्रश्न खडा गरेको छ।




आन्तरिक सूचनामा भनिएको छ कि प्रदेश प्रहरी प्रमुख गोविन्द थपलिया को निकट मानिने बरिष्ठ सई गोपाल थापा मगर को नेतृत्वमा आठ जिल्लामा फैलिएको कथित असुली सञ्जाल व्यवस्थित रूपमा सञ्चालन भइरहेको छ। धनुषादेखि सप्तरीसम्म सादा पोशाकमा खटाइएका प्रहरीहरूले तस्कर, व्यापारी र अवैध कारोबारीसँग मासिक दररेट तोक्ने र रकम असुल्ने प्रणाली कायम गरेको आरोप छ।

सीमावर्ती क्षेत्र–सप्तरीदेखि रौतहट, बारा र वीरगञ्ज–मा तस्करी प्रहरीकै ‘सेटिङ’ मा निर्बाध रूपमा भइरहेको र त्यसको कमाण्ड एउटै नेटवर्कले सम्हालिरहेको बताइएको छ। स्रोतहरूले दाबी गरेका छन् कि

बाँकी तेस्रो पृष्ठमा

## सवारी दुर्घटनामा सेवानिवृत्त शिक्षकको मृत्यु

*संवाहक सम्वादाता-१०चैत्र,*

बाराको जीतपुरसिमरा उपमहानगरपालिकामा भएको सवारी दुर्घटनामा एक जना सेवानिवृत्त शिक्षकको मृत्यु भएको छ।

मृत्यु हुनेमा रौतहटको संग्रामपुर घर भई हाल जीतपुरसिमरा-२ बस्दै आएका ६१ वर्षीय केदारप्रसाद शर्मा रहेका छन्। जिल्ला प्रहरी कार्यालय बाराका अनुसार शर्मालाई डुमरवाना-बडहर्वा सडकखण्डमा गुडिरहेको ट्याक्टरले ठक्कर दिएको थियो।



प्रहरीका निमित्त सूचना अधिकारी तथा प्रहरी निरीक्षक सुरेशराज भट्टका अनुसार प्र.०२-०३-००७ प २३४१ नम्बरको मोटरसाइकल चलाउँदै गरेका शर्मालाई सोही दिशाबाट आउँदै गरेको ना ७ त ५२२६ नम्बरको ट्याक्टरले ठक्कर दिएको हो। ठक्करपछि मोटरसाइकल अनियन्त्रित भई विपरीत दिशाबाट आइरहेको अर्को ट्याक्टर (प्र.०२-०३-००१ त ५६१५) सँग ठोक्किएको प्रहरीले जनाएको छ।

दुर्घटनामा गम्भीर घाइते भएका शर्मालाई उपचारका लागि वीरगञ्जस्थित मेडिसिटी अस्पताल लगिएको थियो। उपचारकै क्रममा उनको मृत्यु भएको प्रहरी निरीक्षक भट्टले जानकारी दिएका छन्।

प्रहरीले घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ।

## अस्पतालमै निजी क्लिनिक सिफारिस गर्न रोक, नियम मिचे कारबाही

*संवाहक सम्वादाता-१०चैत्र,*

अस्पतालभित्रै बसेर निजी क्लिनिक वा स्वास्थ्य संस्थातर्फ बिरामी पठाउने र सिफारिस गर्ने प्रवृत्तिमा रोक लगाइएको छ। अस्पताल प्रशासनले यस्तो गतिविधि पूर्णरूपमा बन्द गर्न निर्देशन दिएको हो। मेडिकल सुपरिटेन्डेन्ट डा. अजय कुमार गुप्ताले जारी गरेको सूचनामा अस्पतालका कर्मचारीले कुनै पनि निजी अस्पताल, क्लिनिक वा स्वास्थ्य केन्द्रको प्रचार-प्रसार गर्न, नाम सिफारिस गर्न वा बिरामीलाई त्यहाँ जान दबाब दिन नपाइने स्पष्ट गरिएको छ। अस्पतालले यस्तो कार्यलाई अनुशासनहीनता मात्र नभई बिरामीको अधिकारमाथि असर पार्ने गतिविधिका रूपमा लिएको छ।



साथै अस्पताल परिसर वरिपरि निजी संस्थाका बोर्ड वा विज्ञापन राख्न समेत निषेध गरिएको छ। निर्देशनको उल्लंघन गर्ने कर्मचारी वा सम्बन्धित व्यक्तिमाथि प्रचलित कानुन तथा स्वास्थ्यसम्बन्धी आचारसंहिताअनुसार कडा कारबाही गरिने अस्पताल प्रशासनले जनाएको छ। अस्पतालले सबैलाई नियम पालना गरी निष्पक्ष र पारदर्शी सेवा प्रवाहमा सहयोग गर्न आग्रह गरेको छ।

“सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !”
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/ श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

# सम्पादकीय .......

## लिपुलेकमा भारतीय विस्तारवादको पुनरावृत्ति

लिपुलेक भञ्ज्याङ हुँदै भारतले चीनसँग व्यापार पुनः सञ्चालन गर्ने तयारी गर्नु केवल आर्थिक गतिविधि होइन, यो दक्षिण एसियामा देखिँदै आएको भारतीय विस्तारवादको अर्को स्पष्ट उदाहरण हो। विवादित भूभागलाई आफ्नो नियन्त्रणमा राख्दै त्यसैमार्फत अन्तर्राष्ट्रिय व्यापार अघि बढाउनु कुनै सामान्य कूटनीतिक अभ्यास होइन–यो साना राष्ट्रहरूको सार्वभौमिकतालाई बेवास्ता गर्ने रणनीतिक सोचको परिणाम हो।

नेपालले आफ्नो आधिकारिक नक्सामा कालापानी क्षेत्र, लिम्पियाधुरा र लिपुलेकलाई समेटिसकेको छ। यद्यपि भारतले ती क्षेत्रलाई आफ्नो नियन्त्रणमा राख्दै पूर्वाधार निर्माणदेखि व्यापारिक प्रयोगसम्मका गतिविधि निरन्तर अघि बढाइरहनु विस्तारवादी नीतिको संकेत हो।

यो प्रवृत्ति कुनै एकपटकको होइन। भारत-चीन लिपुलेक समझदारी २०१५ देखि सुरु भएको नेपाललाई पन्छाउने अभ्यास आजसम्म निरन्तर छ। भारतले चीनसँग सहमति गर्दा नेपालको अधिकार र दाबीलाई पूर्ण रूपमा बेवास्ता गर्नुले क्षेत्रीय शक्तिको हैसियत प्रयोग गरी प्रभाव विस्तार गर्ने नीति प्रष्ट देखिन्छ। विस्तारवाद केवल भूभाग कब्जा गर्ने कार्यमा मात्र सीमित हुँदैन; यो प्रभाव, नियन्त्रण र उपस्थितिलाई विस्तार गर्ने दीर्घकालीन रणनीति पनि हो। लिपुलेकमार्फत व्यापार सञ्चालनले भारतलाई रणनीतिक रूपमा चीनसँग जोड्ने मात्र होइन, उक्त क्षेत्रमाथिको आफ्नो दाबीलाई व्यवहारमा स्थापित गर्ने अवसर पनि दिन्छ। यसरी “तथ्यमा आधारित नियन्त्रण” (अयलतचर्या यल नचयगलम) मार्फत विस्तारवादलाई संस्थागत बनाउने प्रयास भइरहेको देखिन्छ। यसले नेपालका लागि गम्भीर सन्देश दिन्छ। यदि यस्ता गतिविधिमा निरन्तर मौनता र हिरह्यो भने विस्तारवाद क्रमशः वैधता पाउँदै जानेछ। कागजी दाबी मात्र राखेर भू-राजनीतिक यथार्थ परिवर्तन गर्न सकिँदैन भन्ने तथ्य नेपालले बुझ्नैपर्छ। भारतले आफूलाई क्षेत्रीय शक्ति मान्ने हो भने विस्तारवादी छवि त्याग्दै समानता र पारस्परिक सम्मानमा आधारित सम्बन्धलाई प्राथमिकता दिनुपर्छ। अन्यथा, यस्ता कदमहरूले दक्षिण एसियामा असन्तुलन र अविश्वास मात्र बढाउनेछन्। अन्ततः, लिपुलेकको विषयले एक गम्भीर प्रश्न उठाएको छ–के साना राष्ट्रहरूको सार्वभौमिकता ठूला राष्ट्रहरूको रणनीतिक स्वार्थको अगाडि सधैं कमजोर रहने हो? नेपालले अब स्पष्ट, दृढ र प्रभावकारी कूटनीतिक कदम चाल्दै आफ्नो भूभागमाथिको अधिकार व्यवहारमै स्थापित गर्नुपर्ने समय आएको छ।

# स्थानीय तहमा स्वमूल्याङ्कन

स्थानीय तह भनेका सङ्घीय संरचनामा सेवा प्रवाह तथा विकासनिर्माणका लागि सुदृढ र सक्षम रहनुपर्ने संरचना हुन् । सहयोग, सहकार्य तथा सिकाइसमेत अन्य स्थानीय तह तथा अन्य शासकीय तह (सङ्घ र प्रदेश) बाट प्राप्त गर्दै कार्यसम्पादनको वातावरण बनाउनु पर्छ । स्वमूल्याङ्कनको नतिजाका आधारमा सबल पक्षलाई कायम राख्दै कमजोर पक्ष सुधार गर्न यथासमयमै कार्ययोजना कार्यान्वयन गर्न नयाँ प्रणाली उपयोगी हुने छ ।



नेत्र सुवेदी ‘प्रयास’




कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा जुन कुरा मापनयोग्य छ त्यसको नतिजाबाट सिक्दै अघि बढ्नु पर्छ भन्ने मान्यता हुन्छ । नेपालमा क्रियाशील स्थानीय तहको मूल्याङ्कन सम्बन्धमा प्रयोगमा रहेका संस्थागत स्वमूल्याङ्कन, वित्तीय जोखिम स्वमूल्याङ्कन र स्थानीय आर्थिक विकाससम्बन्धी स्वमूल्याङ्कनका कार्यविधि प्रयोगमा थिए । स्थानीय तह नागरिकप्रति संवेदनशील छन् र कानुनी शासनको परिपालना गरेका छन् भन्ने पुष्टि गर्न तथा स्वयम् जिम्मेवार तथा जवाफदेही रहन यी प्रणाली प्रयोगमा ल्याइएका थिए । उल्लिखित प्रणालीलाई एकीकृत र परिष्कृत गर्दै २०८२ साउनदेखि स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली प्रयोगमा आएको छ ।

### सिकाइ र नयाँ प्रणाली

विगततर्फ फर्केर हेर्दा ७५ जिल्ला विकास समितिमा आर्थिक वर्ष २०६५/६६ देखि तथा तत्कालीन ५८ नगरपालिकाका लागि आव २०६६/६७ देखि न्यूनतम सर्त तथा कार्यसम्पादन मापन लागु गरिएको थियो । सङ्घीयता लागु नहुन्जेल प्रयोगमा रहेका ती सूचक तत्कालीन केही गाउँपालिकामा नमुनाका रूपमा लागु भए पनि पूर्ण रूपमा भने कार्यान्वयनमा आएनन् । स्थानीय निकायको मूल्याङ्कनका लागि साबिकमा लागु रहेको न्यूनतम सर्त तथा कार्यसम्पादन मापनले जिल्ला विकास समिति र नगरपालिकाबिच कार्यसम्पादन नतिजाका लागि वर्षभरि नै मेहनत गर्न प्रेरित गरेको थियो ।

न्यूनतम सर्त तथा कार्यसम्पादन मापन (एमसिपिएम) मा जिल्ला विकास समिति र नगरपालिकाका लागि अलग अलग मापन क्षेत्र र सूचक प्रयोगमा रहेका थिए । जिल्ला विकास समितिका लागि आठ वटा मापन क्षेत्रमा जम्मा ५७ वटा सूचकबापत १०० पूर्णाङ्क निर्धारण गरिएको थियो भने नगरपालिकाका लागि जम्मा मापनका क्षेत्र ५ अन्तर्गत ४० सूचकसहित १०० पूर्णांङ्क रहने गरी प्रणाली प्रयोगमा थियो । सबैजसोमा प्रमाणित कागजात नै सम्प्रेषण गरी मूल्यांकन गर्ने गरिन्थ्यो । तत्कालमा रहेको कानुनले निर्देशित गरेका योजना तथा बजेट, वित्तीय व्यवस्थापन, वार्षिक कार्यक्रम कार्यान्वयन, सञ्चार, अनुगमन मूल्याङ्कनका विषय मापन क्षेत्रमा थिए । प्रयोगमा रहेका व्यावहारिक कठिनाइका बाबजुद पनि स्थानीय स्वायत्त शासनको मर्मबमोजिम कार्यसम्पादनको समीक्षा वा मूल्याङ्कन गर्ने विषयमा सशक्त आधार तयार गर्न एमसिपिएमको सिकाइ उपयोगी छ।

सङ्घीयतापश्चात् देशभरिका ७५३ स्थानीय तहको बहुपक्षीय मूल्याङ्कन गर्ने प्रणाली २०७७ सालसम्म लागु हुन सकेको थिएन । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले वित्तीय पक्षको विवेचना गरी उत्कृष्टताको क्रम निर्धारण गरेबाहेक स्थानीय तह आआफ्नो ढङ्गले काम गर्न स्वतन्त्र थिए । जनताको नजिकको स्वतन्त्र सरकारले पनि आफ्नो कार्यसम्पादनको स्वमूल्याङ्कन गर्दै अघि बढ्नु पर्छ । त्यस्तो स्वमूल्याङ्कनको निश्चित साझा आधार आवश्यक पर्छ भन्ने बुझाइ अनुरूप २०७७ सालमा संस्थागत स्वमूल्याङ्कन तथा वित्तीय जोखिम मूल्याङ्कन तथा २०७९ देखि स्थानीय आर्थिक विकाससम्बन्धी मूल्याङ्कन प्रयोगमा आए । यी प्रणालीको विकासमा समेत विगतमा अभ्यास भएको एमसिपिएमको सिकाइ प्रयोग भएको थियो ।

### *नयाँ मूल्याङ्कन प्रणालीको ढाँचा*

चालु आव २०८२/८३ को सुरुमा कार्यविधि जारी भएको तथा सूचना प्रविधि प्रणाली तयार गरी हालसालै कार्यान्वयनमा ल्याइएको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (एलजीपास) मा समेत यसअघिका अभ्यासबाट पाठ सिक्दै प्रणाली नै सुधार गरिएको पाइन्छ । स्थानीय तहलाई केन्द्रमा राखी खास गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र सबै सरकारी कार्यालयमा लागु हुने आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ का प्रावधान र अन्य संस्थागत मापदण्ड तथा कार्यविधिगत विषयका आधारमा एलजिपास विकसित गरिएको छ । सङ्घीयता लागु भएयता अभ्यासमा रहेका तीन वटा मूल्याङ्कन प्रणालीलाई एकीकृत गर्दै केही नवीन विषय थप गरी वर्तमान प्रणाली तयार भएको छ ।

विकसित एलजिपास प्रणालीले कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमा जम्मा पाँच क्षेत्रमा गरी २० वटा उपक्षेत्र अन्तर्गत विभिन्न सङ्ख्यामा रहेका सूचकको जम्मा जोडफल भने एक सय रहेको छ । हरेक सूचकमा दुई वटा उपसूचक रहने गरी निर्माण गरिएको छ, फलस्वरूप जम्मा उपसूचक दुई सय छन् । अङ्कभारको दृष्टिले एक सय सूचक बराबर एक सय अङ्क हुने गरी एउटा सूचकको एक अङ्क निर्धारण गरिएको छ भने उक्त एक अङ्क प्राप्त गर्नका लागि पहिलो उपसूचकको ०.६ अङ्क र दोस्रो उपसूचकको ०.४ अङ्कका आधारहरू पूरा गर्नुपर्ने हुन्छ।

विभाजित जिम्मेवारीसहित मूल्याङ्कन एलजिपास कार्यान्वयन आर्थिक वर्षभरि हुने र हरेक आवका लागि स्वमूल्याङ्कनको प्रारम्भिक प्रतिवेदन तयारी, कार्यपालिकाबाट निर्णय गरी जिल्ला समन्वय समितिमा पृष्ठपोषणका लागि पठाउने एवं प्राप्त पृष्ठपोषणका आधारमा आवश्यक सुधार गरी मन्त्रालयमा पठाउने विधि तय भएको छ । मन्त्रालयले गुणस्तर परीक्षण गर्ने क्रममा कुनै विषयको स्वमूल्याङ्कनमा सुधार गर्न परेमा सम्बन्धित स्थानीय तहलाई सात दिनको अवधि दिई गुणस्तर सुधारका लागि पठाइने भएको छ । सुधारपश्चात् देशभरकै स्थानीय तहको स्वमूल्याङ्कनको नतिजा (अङ्क तथा वर्गसहित) हरेक वर्षको पुस मसान्तभित्र सार्वजनिक हुने गरी कार्यतालिका तोकिएको छ । नतिजा प्रकाशित भएको मितिले दुई महिनाभित्र सुधार कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउन भनिएको छ । यद्यपि यस वर्ष पहिलो वर्ष भएको हुँदा आव २०८१/८२ को सम्बन्धमा स्वमूल्याङ्कन गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले परिपत्र गरी चैत महिनामा यो कार्य गर्ने गरी विशेष समयाबद्ध व्यवस्था गरेको छ । कार्यविधिले व्यवस्था गरेको कार्यतालिकाको पूर्ण कार्यान्वयन भने आव २०८३/८४ बाट मात्र अवलम्बन हुने छ ।

स्वमूल्याङ्कन प्रतिवेदनउपर जिल्ला समन्वय समितिबाट प्राप्त हुने पृष्ठपोषण तथा मन्त्रालयबाट हुने गुणस्तर परीक्षणका क्रममा सुधारका लागि मौका दिइयो । तत्पश्चात् त्यसका आधारमा सबै स्थानीय तहको अन्तिम नतिजा सार्वजनिक हुन्छ । प्राप्ताङ्क अनुसारको वर्गीकरणमा पाँच वटा वर्गको व्यवस्था छ । ९० अङ्क वा सोभन्दा बढी अङ्कका लागि सर्वोत्कृष्ट, ७५ वा सोभन्दा बढी ९० भन्दा कम अङ्कका लागि उत्कृष्ट, ५० वा सोभन्दा बढी र ७५ भन्दा कम अङ्कका लागि मध्यम, ३५ अङ्क वा सोभन्दा बढी र ५० अङ्कभन्दा कम अङ्कका लागि कमजोर र ३५ भन्दा कम अङ्कका लागि अति कमजोर भनेर नामकरण गरिएको छ । अङ्ककै आधारमा सबभन्दा बढी अङ्क ल्याउने पाँच नगरपालिका र पाँच गाउँपालिकालाई नमुना घोषणा पनि हुन्छ । प्रदेशगत रूपमा तीन नगरपालिका र तीन गाउँपालिका तथा जिल्ला तहमा एक नगरपालिका र एक गाउँपालिकाको सूचीसमेत तयार गरी प्रदेश र जिल्लालाई उपलब्ध हुन्छ । नमुना घोषित स्थानीय तहलाई कदरपत्र प्रदान गरिन्छ भने हरेक वर्ष प्रकाशित नतिजाका आधारमा कुन क्षेत्र/उपक्षेत्र/सूचक मा के कस्तो सुधार गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित स्थानीय तहको सभामा समेत छलफल गरी निर्देशन लिने र दुई महिनाभित्र सुधार कार्ययोजना तयार गरी समानान्तर रूपमा कार्यान्वयनमा लैजाने काम हुन्छ ।

### *आधारभूत मर्म*

सार्वजनिक व्यवस्थापन प्रणालीमा कुनै नीति, कार्यक्रम वा निर्णय स्मार्ट हुनुपर्ने मान्यता रहेको हुन्छ । सोही अनुरूप नै एलजिपासले पनि मापनयोग्यको मापन गर्दै नतिजाको आधारमा प्रोत्साहन तथा सुधारको कार्ययोजना अवलम्बन गरी थप सुधारका लागि अगाडि बढ्न सकारात्मक पथप्रदर्शन गर्ने छ । पुरस्कार वा प्रोत्साहनका आधार मात्र नभई सुधारको रणनीति अवलम्बन गर्ने आधारका रूपमा पनि स्वमूल्याङ्कनको नतिजालाई आबद्ध गर्दै जाने सङ्केत यो प्रणाली कार्यान्वयनसम्बन्धी कार्यविधिमा गरिएको छ । मूल्याङ्कन भई नमुना स्थानीय तहमा पर्न वा अनुदानमा प्रोत्साहन प्राप्त गर्न न्यूनतम दुइटा सर्त भने पूरा गर्नु पर्छ । पहिलो भनेको प्रत्येक वर्ष असार १० भित्र आगामी आवका लागि बजेट सभामा पेस गर्ने र असार मसान्तभित्र पारित गर्नुपर्ने छ भने दोस्रो मूल्याङ्कन वर्षभन्दा अघिल्लो आवको अन्तिम लेखा परीक्षण सम्पन्न भएको हुनुपर्ने विषयलाई न्यूनतम सर्तका रूपमा समावेश गरिएको छ ।

कार्यविधिले स्थानीय तहभित्र विषयगत शाखाको भूमिका, योजना शाखा (सम्पर्क शाखा), स्वमूल्याङ्कन समन्वय समितिको कार्य, कार्यपालिकामा हुने छलफल र विषयगत समितिलाई हुने निर्देशन, नतिजाका सम्बन्धमा सभामा छलफल हुने छ । मन्त्रालयले गर्ने गुणस्तर नियन्त्रण तथा नतिजा प्रकाशित गर्ने विषयमा समयाबद्ध व्यवस्था स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ ले गरेको छ ।

प्रणाली कार्यान्वयनको आधारभूत मान्यताका रूपमा पाँच वटा विश्वासलाई यो प्रणालीले आफ्नो जग मानेको छ । विधिमा विश्वास, प्रविधिमा विश्वास, स्थानीय तहमा कार्यरत समग्र टिमभित्रको विश्वास, क्रमिक सुधार र समयपालनामा विश्वास यी पाँच वटा आधारभूत विषय ठिक ठाउँमा भयो भने स्वमूल्याङ्कनमा राम्रो अङ्क प्राप्ति हुने छ । अङ्क प्राप्त गर्न गरिने इमानदार प्रयत्नले संस्थागत विकासमार्फत सुदृढ स्थानीय तहको कार्यात्मक अभ्यास सम्भव हुँदै जान्छ ।

### *निष्कर्ष*

स्थानीय तह भनेका सङ्घीय संरचनामा सेवा प्रवाह तथा विकासनिर्माणका लागि सुदृढ र सक्षम रहनुपर्ने संरचना हुन् । सहयोग, सहकार्य तथा सिकाइसमेत अन्य स्थानीय तह तथा अन्य शासकीय तह (सङ्घ र प्रदेश) बाट प्राप्त गर्दै कार्यसम्पादनको वातावरण बनाउनु पर्छ । स्वमूल्याङ्कनको नतिजाका आधारमा सबल पक्षलाई कायम राख्दै कमजोर पक्ष सुधार गर्न यथासमयमै कार्ययोजना कार्यान्वयन गर्न नयाँ प्रणाली उपयोगी हुने छ । एकीकृत हुनु, सुधारकेन्द्रित हुनु र अस्वस्थ प्रतिस्पर्धालाई न्यूनीकरण गर्ने गरी ढाँचा निर्धारण हुनु नयाँ प्रणालीका राम्रा पक्ष हुन् । सूचना प्रविधिमैत्री जनशक्ति र सुधारमैत्री राजनीतिक पदाधिकारी तथा प्रशासकबाट नै यो पद्धतिको आन्तरिकीकरण सम्भव हुन्छ । त्यसैले विगतको सिकाइसमेतबाट यो नयाँ प्रणालीमा समावेश भएका पुराना र नयाँ विषयका सम्बन्धमा अभिमुखीकरण गरी कार्यान्वयनमा उतार्नु श्रेयस्कर हुन्छ ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## इरानी ग्यास पूर्वाधारमा आक्रमण, आंशिक क्षति भएको इरानी मिडियाको रिपोर्ट

***तेहरान, चैत १० गते ।***
अमेरिकाको धम्कीपछि केही घण्टामै इजरायली-अमेरिकी संयुक्त आक्रमणले इरानका दुई ग्यास सुविधा र पाइपलाइनलाई लक्षित गरेको इरानी मिडिया मङ्गलबारले जनाएको छ ।

फार्स समाचार एजेन्सीका अनुसार मध्य इरानमा रहेका ग्यास प्रशासन भवन र इस्फहानको काभेह स्ट्रिटमा रहेको ग्यास प्रेसर रेगुलेसन स्टेसन आंशिक रूपमा क्षतिग्रस्त भएको छ। देशको दक्षिणपश्चिममा रहेको खोर्रमसहर पावर प्लान्टको ग्यास पाइपलाइन पनि आक्रमणको निशानामा परेको बताइएको छ ।



तर स्थानीय गभर्नरले पूर्वाधार सामान्य रूपमा सञ्चालनमा रहेको र ग्यास आपूर्तिमा अवरोध नभएको पुष्टि गरेका छन् । इरानी मिडियाले यो घटनालाई 'जियोनिस्ट र अमेरिकी शत्रुले गरेको चलिरहेको आक्रमणको हिस्सा' भनेको फार्सले बताएको छ । यसअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग सम्बन्धित ऊर्जा पूर्वाधारमा आक्रमण गर्ने धम्की दिनुभएको थियो, तर सोमबार अचानक प्रतिक्रिया परिवर्तन गर्दै 'सबै कुरा धेरै राम्रो भइरहेको छ' भन्नुभएको थियो ।

तर इरानी मिडियाले युद्ध अन्त्य वा वार्ताको कुनै सङ्केत नभएको उल्लेख गरेको छ । विशेषज्ञले यस घटनालाई क्षेत्रीय तनाव र ऊर्जा सुरक्षा जोखिमको सङ्केतका रूपमा हेरिरहेका छन् । अमेरिकी-इजरायली कदमले इरानको रणनीतिक ग्यास आपूर्ति र पावर प्लान्टमाथि दबाब कायम गर्ने प्रयास भएको देखिन्छ। स्रोतका अनुसार आक्रमणले तत्काल ग्यास आपूर्ति बाधित नगरे पनि आंशिक क्षतिले लामो समयमा मर्मत र निगरानी आवश्यक पर्ने अवस्था सिर्जना गरेको छ ।

## श्रीलङ्कामा इन्धन र ऊर्जा बचतका नयाँ निर्देशिका जारी

कोलम्बो, चैत १० गते। मध्यपूर्वमा बढ्दो तनावका कारण इन्धन आयातमा सम्भावित अवरोधहरू आउन सक्ने अवस्थामा श्रीलङ्काको प्रमुख आवश्यक सेवा कार्यालयले सरकारी निकायहरूका लागि इन्धन र ऊर्जा बचतसम्बन्धी निर्देशिका जारी गरेको छ ।



यो निर्देशिका मन्त्रालय सचिव, प्रादेशिक तथा जिल्ला सचिव र सरकारी तथा कानूनी संस्थाहरूका प्रमुखहरूलाई वितरण गरिएको छ । यसमा सार्वजनिक क्षेत्रभरि इन्धन र बिजुलीको खपत घटाउने उपायहरू अपनाउन सुझाव दिइएको छ ।

निर्देशिका अनुसार कर्मचारीहरूले व्यक्तिगत सवारीसाधन प्रयोग नगरी सम्भव भएमा सार्वजनिक यातायात वा समूहिक यातायातको प्रयोग गर्नुपर्छ । साथै, क्षेत्रीय कार्यका लागि सवारी साधनको सङ्ख्या घटाउन दैनिक यातायात योजना तयार गर्न सरकारी निकायहरूलाई निर्देशन दिइएको छ ।

बिजुली र ऊर्जा बचतका लागि सुझावहरूमा प्राकृतिक प्रकाशको अधिकतम प्रयोग, एयर कन्डिसनको सट्टा बिजुली पङ्खाको प्रयोग र सिँढीको प्रयोग प्रोत्साहित गरी लिफ्टको सीमित प्रयोग समावेश छ। स्थानीय सरकारका निकायहरूले अनावश्यक समयमा सडक बत्ती निभाउन र उच्च सुरक्षा क्षेत्रबाहेक सडक बत्ती अस्थायी रूपमा बन्द गर्न निर्देशन पाएका छन् । निर्देशिकाले संस्थाहरूका प्रमुखलाई पनि प्रविधि उपलब्ध भएमा कर्मचारीलाई कार्यालय उपस्थितिका सट्टा घरबाट काम गर्न अनुमति दिन प्रेरित गरेको छ । सबै सार्वजनिक अधिकारीहरूलाई जिम्मेवार व्यवहार गर्न, जनता माझ उदाहरण प्रस्तुत गर्न र राष्ट्रिय ऊर्जा संरक्षण तथा सुरक्षा प्रयासमा पूर्ण समर्थन जनाउन आग्रह गरिएको छ ।

## बंकुल ...

समयमा त सिमानाका नै खुल्ला राजमार्ग जस्तो देखिने अवस्था रहेको उनीहरू बताउँछन्।
कलैया बजार पनि यस सञ्जालको मुख्य आधार बनेको छ। कलैया बजारमा अवस्थित केही पसल र गोदाममार्फत अवैध सामान भण्डारण गरी फर्जी बिलको आवरणमा विभिन्न जिल्लामा पठाउने गरिएको आरोप छ। कृष्ण मन्दिर पन्नाबाग आसपासका क्षेत्रमा समेत यस्ता गतिविधि हुने गरेको स्थानीयको दाबी छ।
यस सञ्जाललाई चलायमान राख्न "बिट बुझाउने" प्रचलन महत्वपूर्ण कारक रहेको बताइन्छ। महिनाको कारोबार अनुसार महिनावारी तय गरिएको एक कैरियरले नाम नछापनउँने शर्तमा रहस्य उजागर गरे। सीमामा खटिएका सशस्त्र प्रहरी बल नेपाल र नेपाल प्रहरीसँगको मिलेमतो गरेर तस्करहरूले सुरक्षित रुटको व्यवस्था मिलाउने गरेको चर्चा छ। सादा पोशाकमा खटिएका घुमुवा र आफूलाई "क्राइम ब्राञ्च" भन्दै व्यापारी र पसलेसँग मासिक असुली गर्ने गरेको दाबी समेत गरिएको छ। सेतो अपाचि मोटरसाईकमा सवार टोलिले पसले तस्करसँग दिनहु रकम असुलीको दृश्यले बजारभरि डंका बजेको छ।
समग्रमा बंकुल, मटिअर्वा र कवही नाकालाई जोडेर बनेको यो तस्करी सञ्जालले सीमाक्षेत्रमा राज्यको उपस्थिति कमजोर बनाएको मात्र होइन, राजस्व चुहावट, अवैध अर्थतन्त्रको विस्तार र जनस्वास्थ्यमा गम्भीर जोखिम समेत बढाएको छ। स्थानीयवासीले तत्काल उच्चस्तरीय छानबिन, खाद्य वस्तुको कडाइका साथ परीक्षण, र दोषीमाथि कडा कारबाहीको माग गरेका छन्। यता, सम्बन्धित निकायबाट भने यसबारे औपचारिक प्रतिक्रिया आउन बाँकी छ।

## मधेश ...

सीमा सुरक्षामा खटिएका युनिट कमाण्डरहरूमाथि समेत 'माथिल्लो आदेश' भन्दै रकम बुझाउन दबाब दिइने, नमाने सरुवा वा कारबाहीको धम्की दिइने गरिएको छ।
भारततर्फ सर्लाहीको सोनवर्सा र धनुषाको जयनगर नाकामा भारतीय एसएसबीले ठूलो परिमाणमा तस्करी नियन्त्रणमा लिएपछि यस प्रणालीको अस्तित्व बाहिर आएको दाबी गरिएको छ। सीमापारि पक्राउ परेका सामानले नेपालभित्रको संरक्षित तस्करी सञ्जालको संकेत दिएको विश्लेषकको भनाइ छ।
विशेष ध्यानाकर्षक विषय भनेको विवादमा तानिएका प्रहरी अधिकारीहरू पुनः संवेदनशील जिम्मेवारीमा फर्किएको हो। बरिष्ठ सई गोपाल थापा मगर हाल पुनः मधेश प्रदेशमा फर्केका छन् भने सई जयलाल प्रसाद यादव सिरहा, सप्तरी र धनुषा क्षेत्रमा लामो समय टिकेर अवैध असुली र तस्करीसँग संलग्न भएको आरोप छ। वीरगञ्ज, बारा, रौतहट र महोत्तरीका अन्य केही प्रहरी कर्मचारीहरू पनि असुली रकम संकलन र माथिल्लो तहसम्म पठाउने 'चेन' को हिस्सा रहेको दाबी गरिएको छ।
स्रोतका अनुसार सर्लाहीबाट मात्र लाखौँ रुपैयाँ नियमित रूपमा काठमाडौं पठाइँदै आएको छ। यद्यपि प्रहरी प्रधान कार्यालयमा दर्ज भएका दर्जनौं उजुरीको कुनै ठोस छानबिन नहुँदा यस नेटवर्क अझ बलियो बन्दै गएको आशंका गरिएको छ।
विशेषज्ञहरूका अनुसार समस्या केवल केही व्यक्तिमा सीमित नभई समग्र घुमुवा प्रणाली, सिभिल परिचालन र अधिकार वितरणको अपारदर्शितासँग जोडिएको छ। यदि समयमै निष्पक्ष छानबिन भएन भने मधेश प्रहरीप्रतिको जनविश्वास गम्भीर संकटमा पर्न सक्ने चेतावनी दिइएको छ।
अब मुख्य प्रश्न भनेको–के यो 'असुली साम्राज्य' साँच्चै छानबिनको दायरामा आउनेछ, कि फेरि शक्तिको आडमा सत्य दबाइनेछ? मधेश प्रहरीभित्र उठेको यो विवादले राज्य संयन्त्रको विश्वसनीयतामै परीक्षा लिन बाँकी छ।

## नेपालमा ...

गर्ने, सार्वजनिक यातायातको प्रयोग बढाउने र व्यक्तिगत सवारी निरुत्साहित गर्ने उपाय प्रभावकारी हुन सक्ने बताए। त्यसैगरी उच्चस्तरीय राजनीतिक पहल मार्फत भारतसँग उधारोमा तेल ल्याउने विकल्प पनि खुलेको छ।
सरकारले हालको अवस्थामा अन्तर्राष्ट्रिय घटनाक्रम नियाल्दै मात्र निर्णय लिने रणनीति अपनाएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले बजारमा हाहाकार स्थिति नरहेको भन्दै आपूर्ति पर्याप्त रहेको जनाएको छ। तथापि, नेपाली उपभोक्ताले आगामी दिनमा मूल्यवृद्धि र इन्धन आपूर्तिको अस्थिरतालाई ध्यानमा राख्नुपर्नेछ।
मुख्य बुँदाः
एलपी ग्यास एक सातामात्र भण्डारण, पेट्रोल १० दिन, डिजेल १२-१३ दिन, हवाई इन्धन १५ दिन।
पेट्रोलियम पदार्थको आपूर्ति पाइपलाइन र ट्यांकरबाट।
भारतबाट मूल्य बढेर आएको भए पनि निगमले सीमित मात्र वृद्धि गर्यो।
सवारीसाधनमा जोरबिजोर प्रणाली लागू गर्ने विकल्पमा छलफल।
संकट व्यवस्थापनका लागि 'मूल्य स्थिरीकरण कोष' प्रयोग।
विद्युतीय गाडी, सार्वजनिक यातायात प्रवर्द्धन र उच्चस्तरीय राजनीतिक पहल मार्फत संकट न्यूनीकरणको तयारी।
सारांशमा, नेपालमा इन्धन संकट टार्न सरकार सक्रिय छलफलमा छ, तर तत्कालै बजारमा प्रभाव नपर्ने अवस्था कायम छ।

## पुर्वाधार ...

तेरै घर निर्माण भएन। सुरक्षित आवासको नाममा हाम्रो पीडा बढेको छ।"
सूत्रले थप जानकारी दिएका छन् कि निर्माण प्रक्रियामा सोझा साझा लाभग्राहीसँग कमिशनबापत २० हजारदेखि ५० हजार रुपैयाँसम्म रकम उठाइएको थियो। यसले योजना प्रबन्धको पारदर्शितामा प्रश्न उठाएको छ।
स्थानीयवासीले तत्काल छानबिन गरी दोषीमाथि कारबाही, अधुरो घर निर्माण पूरा गर्ने र गुणस्तरीय सुरक्षित आवास सुनिश्चित गर्न सरकार र सम्बन्धित निकायसँग माग गरेका छन्।

## चैती छठ ...

लागेको थियो।
छठ पर्वलाई हिन्दु धर्ममा अत्यन्त कठोर र श्रद्धापूर्ण व्रतका रूपमा लिने गरिन्छ। विशेषगरी महिलाहरूले उपवास बसेर पूजा गर्ने भए पनि पुरुषहरूको सहभागिता पनि उल्लेख्य देखिन्छ। यस पर्वले सत्य, अहिंसा, सहिष्णुता र सामाजिक सद्भावको सन्देश दिने विश्वास छ।
कार्तिक छठपछि मनाइने चैती छठले पनि गाउँ-गाउँमा धार्मिक उत्साह र रौनकता बढाएको छ। धनी-गरिब, स्वदेश-विदेशका सबै समुदायले समान श्रद्धाका साथ सहभागी हुने यस पर्वले सामाजिक एकता र सांस्कृतिक पहिचानलाई अझ सुदृढ बनाएको छ।

## इनिशा ...

रिपोर्ट आएपछि मुद्दा सरकारी वकिल कार्यालयमा पठाउने तयारी छ।
यस घटनामा हालसम्म चार जना नाबालक पक्राउ परेका छन्। तीमध्ये एक जनामाथि बलात्कारसहित कर्तव्य ज्यानको मुद्दा अनुसन्धान भइरहेको छ भने अन्यमाथि कर्तव्य ज्यानको आरोपमा अनुसन्धान जारी छ। फागुन २३ गते ट्युसन जाने भन्दै घरबाट निस्किएकी इनिशा वीरेन्द्रनगर-१ स्थित सामुदायिक वन क्षेत्रमा मृत अवस्थामा फेला परेकी थिइन्। अनुसन्धानका क्रममा उनी एक किशोरसँगै उक्त क्षेत्रमा गएको सिसिटिभी फुटेजमा देखिएको छ। घटनापछि देशका विभिन्न स्थानमा न्यायको माग गर्दै प्रदर्शन भइरहेका छन् भने पीडित परिवारले दोषीलाई कारबाही नभएसम्म अन्त्येष्टि नगर्ने अडान कायम राखेको छ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन,
बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
वीरगंज महानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन,
बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन,
बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
करैयामाई गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन,
बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# आमाको नाममा नागरिकता पाउनेको संख्या ३ हजार नजिक, बारा–पर्सामा पनि लाभग्राही

***काठमाडौं, १० चैत –***
नेपाल नागरिकता (चौथो संशोधन) नियमावली, २०८२ लागू भएको केही महिनाभित्रै देशभर २,९४८ जनाले आमाको नामबाट नागरिकता प्राप्त गरेका छन्। गृह मन्त्रालयका अनुसार नयाँ नियमावली जारी भएपछि यो प्रक्रिया सरल र पहुँचयोग्य बनाइएको हो।



संशोधनपछि नागरिकता नियमावली, २०६३ का नियम ३, ५, ७, ८ र १४ मा आवश्यक परिमार्जन गरिएको छ। साथै, नियम १६ (क) थप गरी मूल अनुसूचीमा पनि सुधार गरिएको छ। यसअनुसार, बुबा वा आमामध्ये एकजनाले जन्मको आधारमा नेपाली नागरिकता पाएका र अर्को अभिभावक नागरिकता नपाउँदै मृत्यु भएका वा अज्ञात ठेगानाका सन्तानले आमाको नामबाट नागरिकता पाउन सक्ने व्यवस्था गरिएको छ। बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रले यश अघि जिल्लाका दुई जनालाई नागरिकता प्रदान गरिएको जिल्ला प्रशासन कार्यालय श्रोतले बताए।

नागरिकता पाउँदा आवश्यक कागजातका अतिरिक्त स्वघोषणा पनि मान्य हुने व्यवस्था गरिएको छ। यसले स्थानीय तहको भूमिकालाई बलियो बनाउँदै नागरिकताको पहुँच स्थानीय तहसम्म पुऱ्याएको गृह मन्त्रालयले जनाएको छ।

संशोधनले नाबालक परिचयपत्र वितरण प्रक्रियालाई स्पष्ट बनाएको छ भने विदेशी महिलाले नेपाली पुरुषसँग विवाह गर्दा वैवाहिक नागरिकता पाउनु अघि नेपालमा बसाइ अनुमति (भिसा) अनिवार्य हुने व्यवस्था पनि स्पष्ट गरेको छ।

गृह मन्त्रालयका अनुसार, यो कानुनी व्यवस्थाले आमाको नामबाट नागरिकता प्राप्त गर्न चाहनेहरूका लागि प्रक्रिया पारदर्शी, सरल र स्थानीय तहमा सहज पहुँचयोग्य बनाउने उद्देश्य राखेको छ।

पर्सा, बारा लगायत देशका विभिन्न जिल्लामा पनि हजारौं लाभग्राहीले नयाँ व्यवस्थाअनुसार नागरिकता पाएका छन्।

# नेपालमा इन्धन अभाव रोक्न जोरबिजोर प्रणालीमाथि सरकारको रणनीति छलफल

***काठमाडौं, चैत १० –***
इजरायल-अमेरिका र इरानबीच जारी सैन्य तनावले अन्तर्राष्ट्रिय पेट्रोलियम बजारमा अस्थिरता ल्याएको छ। यसले नेपालमा पेट्रोल, डिजेल र एलपी ग्यास आपूर्तिमा सम्भावित संकटको चेतावनी दिएको छ। वर्तमानमा नेपालमा एलपी ग्यासको भण्डारण क्षमता केवल एक सातामात्र पुग्ने र पेट्रोलियम पदार्थ मोतिहारी-अमलेखगञ्ज पाइपलाइन र ट्यांकरमार्फत आपूर्ति भइरहेका कारण संकट गहिरिन सक्ने अनुमान गरिएको छ।



नेपाल आयल निगमका अनुसार पेट्रोलको भण्डारण १० दिन, डिजेल १२-१३ दिन र हवाई इन्धन १५ दिन मात्र पुग्ने क्षमता छ। निगम हाल प्रत्येक महिना दुई पटक भारतीय इन्डियन आयल कर्पोरेसन (आईओसी) बाट मूल्यसूची अनुसार तेल खरिद गर्दछ। मूल्य वृद्धि सीमित राख्दा निगमलाई मासिक ३-४ अर्ब रुपैयाँ घाटा भोग्नु परेको छ। हाल पेट्रोल प्रतिलिटर १७२ र डिजेल १५२ रुपैयाँमा बिक्री भइरहेको छ। एलपी ग्यासमा घाटा भए पनि मूल्य बढाइएको छैन।

सरकार संकटको प्रभाव न्यून गर्न "जोरबिजोर प्रणाली" लागू गर्ने विकल्पमा छलफल गरिरहेको छ। मन्त्रालयका प्रवक्ता नेत्रप्रसाद सुवेदीले सवारीसाधनमा जोरबिजोर लागू गर्ने विषयमा छलफल भए पनि अहिलेसम्म कुनै निर्णय नलिइएको बताए। संकट व्यवस्थापनका लागि आयल निगमले 'मूल्य स्थिरीकरण कोष' प्रयोग गरिरहेको भए पनि यो व्यवस्थाले मात्र डेढ-दुई महिनासम्म धान्न सक्ने बताइएको छ।

पूर्व वाणिज्य सचिव पुरुषोत्तम ओझाले भने अल्पकालीन तथा दीर्घकालीन उपाय अपनाउनुपर्ने सुझाव दिएका छन्। उनले सवारीसाधनमा जोरबिजोर लागू गर्ने, विद्युतीय गाडीलाई प्रवर्द्धन

बाँकी तेस्रो पृष्ठमा

# ग्यास आपूर्ति सुनिश्चित गर्न भारतसँग पाइपलाइन र भण्डारण पूर्वाधार प्रस्ताव

***संवाहक सम्वादाता-१०चैत्र, कलैया***
अवकाशप्राप्त निजामती कर्मचारीलाई सेवा प्रवाह सहज बनाउन बारामा ई-पेन्सन सेवा औपचारिक रूपमा सुरु गरिएको छ। कोष तथा लेखा नियन्त्रक कार्यालय, बाराबाट मंगलबारदेखि उक्त सेवा सञ्चालनमा आएको हो। राष्ट्रिय किताबखाना (निजामती) अन्तर्गत सञ्चालनमा आएको यस प्रणालीमार्फत अब निवृत्तिभरणसम्बन्धी सम्पूर्ण काम डिजिटल माध्यमबाट हुने भएका छन्। कार्यालयका कोष नियन्त्रक सुमित कुमार पटेलका अनुसार नयाँ व्यवस्थाबाट निवृत्तिभरण अधिकारपत्र तयार गर्ने, औषधि उपचार खर्च, सञ्चित बिदा तथा बिरामी बिदा सम्बन्धी सुविधा निर्धारण र रकम यकिन गर्ने कार्य सहज र छिटो हुनेछ।



उनका अनुसार ई-पेन्सन सेवा लागू भएसँगै सेवाग्राहीले झन्झटमुक्त, छरितो र पारदर्शी सेवा पाउनेछन्। कागजी प्रक्रिया घटेर सबै काम प्रविधिमै आधारित हुने भएकाले सेवा प्रवाह अझ प्रभावकारी बन्ने विश्वास लिइएको छ।

कार्यालयले सेवाग्राहीलाई आवश्यक जानकारी र कागजातसहित सेवा लिन आग्रह गर्दै यस प्रणालीले सरकारी सेवा वितरणलाई सरल र गुणस्तरीय बनाउने जनाएको छ।

# इनिशा हत्या प्रकरण : प्राविधिक जाँच सकियो, केन्द्रीय अनुसन्धान ब्युरो को रिपोर्ट छिट्टै आउने

काठमाडौं/सुर्खेत, चैत १० – सुर्खेतकी १६ वर्षीया इनिशा विकको बलात्कारपछि हत्या प्रकरणमा केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले आफ्नो प्राविधिक अनुसन्धान लगभग टुंग्याएको छ। अब आज वा भोलि नै अन्तिम प्रतिवेदन सुर्खेत पठाइने तयारी रहेको अधिकारीहरूले बताएका छन्।




सिआइबीकी वरिष्ठ उपरीक्षक शिवकुमारी श्रेष्ठ का अनुसार काठमाडौंबाट खटिएको टोली प्राविधिक परीक्षण सकेर फर्किसकेको छ। अनुसन्धानका क्रममा मोबाइल डेटा विश्लेषण, घटनाको समयरेखा र अन्य डिजिटल तथा वैज्ञानिक पक्षहरूमा विस्तृत अध्ययन गरिएको जनाइएको छ।

घटनाको प्रारम्भिक फरेन्सिक रिपोर्टले बलात्कारपछि अत्यधिक रक्तस्रावका कारण इनिशाको मृत्यु भएको पुष्टि गरिसकेको छ। यसलाई थप स्पष्ट पार्न सिआइबी टोली फागुन २९ गते सुर्खेत पुगेको थियो। उता जिल्ला प्रहरी कार्यालय सुर्खेत ले पनि समानान्तर रूपमा अनुसन्धान अघि बढाएको छ। कार्यालय प्रमुख सुधीरराज शर्मा का अनुसार सिआइबीको प्रतिवेदन र केन्द्रीय विधि विज्ञान प्रयोगशालाको टक्सिकोलोजिकल तथा बायो-सेरोलोजिकल रिपोर्ट प्राप्त हुनासाथ सम्पूर्ण अनुसन्धान निष्कर्षमा पुग्नेछ। प्रहरीका अनुसार टक्सिकोलोजिकल परीक्षणले शरीरमा विषालु पदार्थ वा औषधिको उपस्थितिबारे जानकारी दिन्छ भने बायो-सेरोलोजिकल परीक्षणबाट यौन हिंसासँग सम्बन्धित जैविक प्रमाणहरू पहिचान गरिन्छ। यी

बाँकी तेस्रो पृष्ठमा

सोनु सेकुवा कर्नर
पेट्रोल पम्पको ठिक पश्चिमपट्टि
प्रो. पिन्टु भाई
स्वादिलो मासाहारी परिकारको उत्कृष्ट गन्तव्य
यहाँ पाइने विशेष परिकारहरु:
– विभिन्न प्रकारका सेकुवा
– लोकल देखि ठूला माछाका स्वाष्टि परिकार
– ताजा मासुका खाजा तथा खाना
– स्वादिलो नेपाली खाना
– सफा तथा आरामदायी वातावरण
– परिवार र साथीभाइसँग आउन उपयुक्त
– सुपथ मूल्यमा उत्कृष्ट स्वाद



# पोखरिया नगरपालिकामा अख्तियारको छापा : जिन्सी सामग्री मेयर र कर्मचारीकै घरमा फेला




वीरगञ्ज, चैत १० – पर्साको पोखरिया नगरपालिकामा देखिएको अनियमितता र बेथितिको उजुरीपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोग ले मंगलबार आकस्मिक छापामारी गरेको छ। हेटौंडास्थित कार्यालयबाट खटिएको टोलीले नगरपालिकाको जिन्सी शाखामा केन्द्रित भएर विस्तृत जाँचबुझ गरेको हो।

छानबिनका क्रममा जिन्सी शाखामा अभिलेखित हुनुपर्ने सामग्री कार्यालयमै नपाइएपछि थप शंका उत्पन्न भएको छ। स्रोतका अनुसार ती सामग्रीहरू नगर प्रमुख प्रद्युम्न चौहान तथा केही कर्मचारीहरूको निजी घरमा फेला परेका छन्। यस घटनाले नगरपालिकाभित्र सामग्री व्यवस्थापन र वित्तीय अनुशासनमा गम्भीर कमजोरी रहेको संकेत दिएको छ।

अख्तियार टोलीले जिन्सी शाखाका कागजातहरू नियन्त्रणमा लिएको छ। प्रारम्भिक जाँचमा अधिकांश कागजात बिल भुक्तानीसँग सम्बन्धित मात्र भेटिएको बताइएको छ, जसले अभिलेख व्यवस्थापनमा त्रुटि भएको आशंका थप बलियो बनाएको छ।छापामारीपछि अख्तियार ले नापजाँच, कागजात संकलन र प्रमाण सुरक्षित गर्दै थप अनुसन्धान अघि बढाएको जनाएको छ। घटनाले पोखरिया नगरपालिकाको पारदर्शिता, वित्तीय व्यवस्थापन र जिम्मेवारीप्रति प्रश्न उठाएको छ।

यसअघि पनि स्थानीयवासीहरूले नगरपालिकामा बढ्दो बेथिति र अनियमितताको विरोध गर्दै आएका थिए। अख्तियारको पछिल्लो कारबाहीलाई उनीहरूले "ढिलाइ भए पनि सकारात्मक कदम" का रूपमा लिएका छन्।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।